"शान्तिनगर गाउँपालिकाको दाहित्व
सुशासन र समृद्धिको स्थायित्व"

# शान्तिनगर गाउँपालिकाको

## दसौं गाउँसभामा प्रस्तुत भएको आ.व.२०७८/७९ को नीति तथा कार्यक्रम


प्रस्तुतकर्ता
कमान सिहं डाँगी
अध्यक्ष
शान्तिनगर गाउँपालिका
५ नं. प्रदेश,नेपाल


१०, असार २०७८

**आदरणीय सभासदज्यूहरु,**

कोरोना भाइरसको दोस्रो भेरियन्टबाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिति र बन्दावन्दीका बीच आज म आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यकम दसौं गाउँसभा समक्ष प्रस्तुत गरिरहंदा जनताको जीवन रक्षा र मुलुकको आर्थिक-सामाजिक जीवनको सुरक्षाको प्रश्नले अत्यन्त गंभीर भएको छु । यस चुनौतीपूर्ण घडीमा गाउँसभालाई सम्वोधन गरिरहँदा म संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि भएका आन्दोलन र संघर्षहरुमा बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

कोभिड-१९ का कारण विश्वभर संकटका साथै हाम्रो गाउँपालिकामा पनि उल्लेख्य रुपमा जनधनको क्षति भएको छ । यस महामारीका कारण अहिलेसम्म ज्यान गुमाउनु हुने सबै व्यक्तिहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, महामारीबाट संक्रमित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

शान्तिनगर गाउँपालिकाको दीगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि गाउँसभा **समक्ष** नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरबान्वित भएको अनुभूती गरेकोछु ।

लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकहरुलाई विकासका सम्वाहक र मालिकका रुपमा लिदै उनीहरुका इच्छा, आकाङक्षा, आवश्यकता ,प्राथमिकता, समस्या, अवसर, चुनौति र संभावनाको खोजि गरी जनताकै भुमिकालाई सर्वाधिक महत्व दिने गरीन्छ । जनतालाई स्थानीय शासन प्रकृयामा अधिकाधिक मात्रामा सरिक हुने अवसर जुटाइ स्थानिय लोकतन्त्रको प्रर्वद्धनमा जोड दिने र सो मार्फत जनताले लोकतन्त्रको लाभ र विकासका प्रतिफल समेत प्राप्त गर्दछन भन्ने मान्यता र लोकतान्त्रिक अभ्यास, संस्कार र प्रयोग स्थानीय सरकारको माध्यमबाट मात्र सम्भव छ भन्ने मान्यतामा विश्वास राख्दै त्यसको गहन र महत्वपूर्ण जिम्मेवारी तथा अवसर हामीलाई प्राप्त भएको छ । स्थानीय तहको निर्वाचनबाट लोकतन्त्रको आधारशीलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई केन्द्रको अधिकार स्थानीय ठाउँमा प्रयोग गर्न पाउँदा हामीले गौरवको अनुभुति गरेका छौं । नेपालको संविधान, २०७२ ले सबै नागरीकहरुलाई समान अधिकार, समान अवसर प्रदान गरेको वर्तमान सन्दर्भमा हामी स्थानीय सरकार संविधानले परिकल्पना गरे अनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिका गतिविधिमा केन्द्रित हुनुपर्ने चरणमा प्रवेश गरेका छौं । नेपालको संविधानको अनुसुची ८ ले दिएको स्थानीय तहको अधिकारलाई सदुपयोग गर्दै सामाजिक न्याय सहितको समृद्धि ल्याउन अविकास, गरीवी र पछौटेपनका बिरुद्ध हाम्रो ध्यान केन्दीत छ ।

मैले यस आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरीरहँदा स्वच्छ, हराभरा, विकसित, समतामूलक र समृद्ध शान्तिनगरको भावी तस्विरलाई मध्यनजन गरेकोछु । संविधान कार्यान्वयन अर्न्तगत स्थानीय सरकारको आधारशिला तयार गर्दै उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग र परिचालनको माध्यमबाट विकासको प्रतिफल सबै शान्तिनगरबासीले समान र न्यायोचित तरिकाबाट प्राप्त गर्ने गरी साधन स्रोत र अवसरको न्यायोचित बितरण गर्ने, दिगो विकासलाई ध्यानमा राखी पूर्वाधार निर्माण गर्ने र आम शान्तिनगरबासीको अपनत्व र स्वामित्व हुने गरी विकास आयोजनाहरुको कार्यान्वयन गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित गरेको छु र सोही मार्गदर्शनबाट प्रेरित भई बजेट प्रस्तुत गरीनेछ ।

विकास र समृद्धिको यात्रामा अघि बढदै गरेको यस गाउँपालिकाको आधारभूत पूर्वाधार निर्माण र व्यवस्थित विकासका लागि थुप्रै श्रोत साधन, सबै तहबाट सहयोग ,सल्लाह र समन्वयको आवश्यक पर्ने देखिन्छ । जसको पूर्ति यस गाउँपालिका क्षेत्र भित्रको सीमित श्रोत र साधनको परिचालनबाट मात्रै सम्भव देखिदैन । यसै यथार्थलाई मनन् गरी यस

गाउँपालिकाले पनि विकास र सेवा प्रवाहलाइ व्यवस्थित बनाउनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अन्दान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य निकायबाट प्राप्त हुने अनुदान र गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र साधन समेतलाई आधार मानी सहभागितामूलक योजना तर्जुमाका विभिन्न चरण पार गर्दै विकासका साझेदार, सहकारी क्षेत्र, निजि क्षेत्र, गैर सरकारी संस्था तथा अन्य शासकिय साझेदारहरु संगको तालमेल तथा एकीकृत र समन्वयात्मक प्रयासबाट अगाडि बढ्नुपर्ने देखिन्छ । यस शान्तिनगर गाउँपालिकाले आ.व. २०७८/०७९ को लागि नीति तथा कार्यक्रम स्थानीय सरकार संचालन ऐन २०७४, प्रचलित निर्देशिका र कार्यविधि तथा गाउँपालिकाको विकास सम्बन्धमा मन्त्रालयबाट प्राप्त नीतिगत मार्गदर्शन समेतलाई आधार बनाएको छु ।

कोभिड-१९ माहामारीको प्रभावले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य, नियमित रुपमा संचालन गर्नुपर्ने कार्यक्रम र आयोजनामा प्रत्यक्ष रुपमा नकारात्मक असर पुगेको छ । सेवामूलक, उत्पादनमूलक, औद्योगिक र व्यापारिक क्षेत्रहरु कोभिड-१९ को कारणले थिलो थिलो भएका छन । उत्पादन, आपूर्ति र वितरण प्रणालीमा गम्भीर प्रभाव पारेको छ । कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी र उत्पन्न त्रास समेतका कारण आम मानिसहरुले आफ्ना दैनिक कामहरु अघि बढाउन नसकेको अवस्थामा पनि छन । यसवाट आगामी दिनमा थप चुनौती उत्पन्न हुने र त्यसको सामनाका लागि अहिले देखिनै तयार हुनुपर्ने भएको छ ।

महामारी रोकथाम र नियन्त्रणको लागि अपनाइएको बन्दाबन्दी, सामाजिक दुरी लगायतका कार्यको कार्यान्वयनमा अनुशासित र सक्रियतापूर्वक सहयोग गर्नु हुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसको रोकथाम र नियन्त्रणमा अग्रमोर्चामा खट्नुहुने चिकित्सक, स्वास्थकर्मी र सुरक्षाकर्मी तथा व्यवस्थापन कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसका साथै, यस महामारीको रोकथाम, नियन्त्रण र उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न

राजनीतिक दल, निजीक्षेत्र, सहकारी, सामुदायिक संघसंस्था, संचारक्षेत्र, राष्ट्रसेवक कर्मचारी लगायतसम्पूर्ण गा.पा वासीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । हामीले जित्नै पर्ने यो रोग विरुद्धको लडाईमा सबैको थप ऐक्यवद्धता, सहकार्य, धैर्यता र आत्मविश्वासको आवश्यकता रहेको छ । "जीवन रहे जीवन सुधार्न र सिंगार्न सकिन्छ" भन्ने मान्यतालाई आत्मसात गर्दै यस महामारीका विरुद्धको अभियानमा धैर्यतापूर्वक जुट्न सबैलाई आह्वान गर्दछु ।

**अब म गाउँपालिकाको आ.व.२०७४/७५ बाट गरिएका कार्यहरु,आयोजना तथा कार्यक्रमकहरुको छोटो समिक्षा प्रस्तुत गर्न चाहान्छु ।**

## १. भौतिक पुर्वाधार विकास तर्फ :-

- ❖यस शान्तिनगर गाउँपालिकाका प्रत्येक वडाका सडकहरु ग्राभेल तथा स्तरोन्नती भएका छन् । वडा नं ५ को वडा कार्यायल भवन निर्माण सम्पन्नको चरणमा छ ।
- ❖गाउँपालिका स्तरीय गौरवका आयोजना अर्न्तगत कालोपत्रे सडक निर्माणको शुरुवात भएको छ ।
- ❖विपन्न वर्गका व्यक्तिहरुलाई फुसको छानो हटाई निःशुल्क रुपमा जस्तापाता तथा जस्तापाता हाल्न रकम उपलब्ध गराईएको छ ।
- ❖प्रत्येक वडामा ठूला तथा साना सिचाईको लागि नहर तथा पक्की लाइनिङ निर्माण गरिएको छ ।
- ❖बहुउद्देश्य सभाहल निर्माणधिन अवस्थामा रहेको छ ।
- ❖वडा नं १,३,५ र ७ का स्वास्थ्य भवन निर्माण सम्पन्न भई वडा नं ५ बाहेक अन्य वडाका भवनबाट सेवा संचालन सुरु भएकोछ ।

## २. कृषि तथा पशुपालन तर्फः

## ३. कृषि तर्फः

- अर्गानिक तथा बेमौसमि तरकारी प्रणालिको सुरुवात गरीएको छ ।
- कृषिको ब्यवसायिकरणका लागि मुल तथा उन्नत वीउ ,मल तथा प्रविधिको वितरणको ब्यवस्था मिलाइएको छ ।
- शान्तिनगर गा.पाको सबै वडाहरुमा मकैवालीमा लागेको अमेरिकन फौजिकिरा नियन्त्रणका लागि ५० प्रतिशत अनुदानमा स्प्रेयर र बिषादी निशुल्क बितरण गरिएको छ ।
- कोभिड-१९ बाट प्रत्यक्ष प्रभावित कृषकहरुलाई प्रदेश सरकारबाट प्राप्त अनुदानबाट १८५ जना कृषकहरु लाभाम्वित भएका छन ।
- तरकारी वालिमा आत्मनिर्भर बनाउनको लागि मागको आधारमा कृषिजन्य सामाग्री तथा हाइव्रीड वीउ ५० प्रतिशत अनुदानमा वितरण गरीएको छ।
- मुख्मन्त्रि ग्रामीण विकास तथा रोजगार कार्यक्रम मार्फत स्थानिय मौरीलाइ संरक्षण तथा सम्वर्दनको लागि विपन्न परिवारको लागि निशुल्क मौरीजन्य सामाग्रीहरु वितरण गरीएको छ।
- प्रदेश सरकार बाट प्राप्त अनुदानबाट साना यन्त्र तथा उपकरणहरु वितरण गरीएको छ ।
- संघिय सरकार बाट प्राप्त अनुदानबाट प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ३ वटा पकेट क्षेत्र स्थापना गरिएको छ ।
- संघिय सरकार बाट प्राप्त अनुदानबाट २ वटा नयाँ नर्सरी स्थापना गरीएको छ ।
- कृषकहरुलाइ कृषि सम्वन्धि नविनतम प्रविधि हस्तान्त्रण गर्न विभिन्न तालिम सञ्चालन गरीएको छ ।

## ४. स्वास्थ्य क्षेत्र :-

- गाउँपालिकाका ७ वटा वडाहरुमा ८ वडा स्वास्थ्य संस्थाहरु स्थापना गरि स्वास्थ्य संस्थाहरुको आफ्नै भबन निर्माण गरि स्वास्थ्य सेवा सन्चालन गरिएको
- पालिका स्तरमा १५ सैयाको अस्पताल निर्माण तथा सन्चालको कार्य सुचारु गरिएको
- पोषण सुधार कार्यक्रम अर्न्तगत पालिकामा रहेका सबै कुपोषित बालबालिकाहरुको लागि कार्यक्रम सन्चालन गरिएको जस्तै कडा कुपोषण भएका लाई OTC केन्द्र शान्तिनगर स्वा.चौकिमा भर्ना गरि उपचार गरिएको र मध्यम कुपोषण भएका लाई सर्बोत्तम पिठो बितरण कार्यक्रम सन्चालन गरिएको
- प्रोटोकल अनुसार गर्भजाँच गराउने महिलाहरुको लागि पोषण बितरण कार्यक्रम सन्चालन गरिएको
- सुत्केरी तथा नवजातशिशु स्वास्थ्य सुधार कार्यक्रम अर्न्तगत नर्सिङ कर्मचारी द्वारा सुत्केरी महिलाको घरभेट कार्यक्रम सन्चालन
- संस्थागत सुत्केरी प्रोत्साहन लागि  स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुलाई प्रोत्साहन रकम बितरण कार्यक्रम सन्चालन
- सुत्केरीहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा सन्चालन गरिएको र जेष्ठ नागरिक (६५ बर्ष माथि) का लागि एम्बुलेन्स सेवामा २० प्रतिशत छुट गरिएको ।
- पालिका अर्न्तगतका सबै स्वास्थ्य चौकिमा अनुसन्धानमा आधारित उपचार पद्दतिका लागि ल्याब सेवा बिस्तार तथा सन्चालन
- किशोरी मैत्री स्वास्थ्य सेवाका लागि बिध्यालयमा अध्ययनरत छात्राहरुको महिनावारी स्वच्छता कार्यक्रम अर्न्तगत प्रत्येक बिध्यालयमा कार्यरत शिक्षिका र छात्राहरुलाई सेनेटरी प्याड निर्माण सम्बन्धि तालिम तथा आईरन चक्कि बितरण कार्यक्रम सन्चालन
- बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अर्न्तगत बिध्यालयमा प्राथमिक उपचार सेवा सन्चालन

- सिकलसेन पहिचान तथा निवारणको लागि मुख्यमन्त्रि ग्रामिण विकास कार्यक्रम मार्फत शिबिर सन्चालन गरिएको

५. **शिक्षातर्फ :–**

६. सवै वालविकास केन्द्रका स.का. हरुका लागि थप पारिश्रमिक उपलब्ध गराईएको छ ।

७. प्राविधिक शिक्षा अन्तगत कृषि तर्फ १०+२ सम्मको पढाईको सुरुवात भएको छ ।

८. अंग्रेजी र नेपाली माध्यमका विषयको पाठ्य पुस्तकहरु निःशुल्क वितरण गरिएको छ ।

९. अंग्रेजी माध्ययमलाई क्रमस प्रति वर्ष एक कक्षाका दरले थप गर्दै लगिएको छ । नेपाल सरकारवाट स्विकृत पाठ्यक्रममा आधारित अङग्रेजी माध्यमका पाठ्यपुस्तकको प्रयोगमा प्रोत्साहित गरिएको छ।

१०. अन्तर्गतका सबै सामुदायिक विद्यालयका कक्षा ४-९ सम्म वार्षिक परिक्षा संचालन गरिएको छ।

११. सबै शिक्षकहरुको अभिलेख व्यवस्थापन गरिएको छ ।

१२. १० कक्षाका विद्यार्थीका लागि तीन महिने आवासिय पढाईलाई निरन्तरता दिइएको छ ।

१३. निजि श्रोतका शिक्षक व्यवस्थापनका लागि थप पारिश्रमिक उपलब्ध गरिएको छ ।

१४. यस गाउपालिका भित्र अध्ययनरत दलित जनजाती अपाङग अति बिपन्न जेहेन्दार बालबालिकाको लागी छात्रबृत्ति उपलब्ध गराईएको छ।

१५. संघ तथा प्रदेश संगको सहकार्यमा बिद्यालय भवन निर्माण( कक्षाकोठा, वास सुबिधा सहितको सौचालय) निर्माण सम्पन्न गरिएको छ।

१६. बिद्यार्थी संख्या कम भएका तथा नजिकको दुरिमा रहेका साना बिद्यालयलाई मर्ज गर्ने काम सम्पन्न गरिएको छ भने बिधार्थी संख्या बढी भएका बिद्यालयमा शिक्षक बिधार्थी अनुपात मिलाउन शिक्षक दरबन्दि मिलानको काम समेत सम्पन्न भएको छ।

१७. हरेक वडामा कम्तिमा १ वटा नमुना बालबिकास केन्द्र निर्माण गरिएको छ भने ति नमुना बालबिकास केन्द्रमा डिजिटल शैक्षिक सामग्रीको व्यवस्थापनको काम गरिएको छ।

१८. प्रारम्भीक बाल कक्षामा शिक्षण सहजकर्ताको रुपमा कार्यरत स.का हरुलाई बिभिन्न मोड्युलका तालिम प्रदान गरिएको छ ।

१९. प्रबिधीको पँहुच पुर्याउन सबै बिद्यालयमा कम्प्युटर तथा ल्याप्टप सुबिधा प्रदान, इन्टरनेट ब्यबस्थापन समेत गरिएको छ।

२०. हरेक बालबिकासमा मन्टेश्वरीका शैक्षिक सामग्री व्यवस्थापन गरिएको छ।

२१. हरेक वर्ष शैक्षिक कार्यपात्रो निर्माण गरी शैक्षिक कार्ययोजनालाई व्यवस्थित गराइएको छ।

२२. प्रारम्भिक बाल कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत सबै बालबालिकालाई निशुल्क दिवा खाजा व्यवस्थापन गरिएको छ।

२३. सबै मा बि लगायत अन्य आधारभुत बिद्यालयमा समेत बिज्ञान प्रयोगशाला, पुस्तकालय तथा आइसिटि प्रयोगशाला निर्माण सम्पन्न गरिएको छ।

२४. **सामाजिक विकास तथा लक्षित वर्गतर्फः**

- जेष्ठ नागरिक तथा अपाँगता परिचयपत्र वितरण गरिएको छ ।
- अपाँगता परिचयपत्र वितरणमा सहजता ल्याउन प्रत्यक महिनाको ५ गते शिविर संचालन गरी सेवा सुरु गरिएको ।
- विभिन्न विषयगत तालिमहरुको शुरुवात गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता वास्तविक लाभग्राहीको हातमा परोस र दुरुपयोग नहोस भनेर बैंकिङ प्रणालीमा आवद्ध गरिएकोछ ।

२५. **विविध :**

- कार्यसंचालनको लागि विभिन्न  कानून, नियमावली र कार्यविधि निर्माण गरिएको छ ।
- मेलमिलापको माध्ययमबाट झै झगडाका निरुपन गर्ने गरिएको छ ।
- न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धि विविध कार्यहरु गरिएको छ ।

- कोरोना महामारिको नियन्त्रण तथा रोकथामको लागि यस गा.पा अन्तर्गत धनौरी स्वास्थ्य चौकीलाई कोरोना अस्थायी अस्पतालको रुपमा विकास गरी डक्टर सहितको प्रभापकारी सेवा प्रदान गरिएको ।
- कोरोना भाइरसको सङ्क्रमणबाट नागरिकहरुलाई सुरक्षित राख्न सबै वडामा प्रचार प्रसार नागरिकहरुमा सचेतना बढाइएको ।

## सभासदज्युहरुः-

**अव म आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

## (क) भौतिक पुर्वाधार विकास तर्फः

- देश समृद्धिको मुल मेरुदण्ड भौतिक पूर्वाधार हो । पूर्वाधारलाई दिगो, भरपर्दो, कम खर्चिलो र वैज्ञानिक बनाउन सके मात्र हामीले आशा गरेको लक्ष्य प्राप्ती गर्न सकिन्छ । यस आर्थिक वर्षमा शान्तिनगर गाउँपालिकाको तर्फबाट पूर्वाधार क्षेत्रको विकास गर्नका लागि **गुणस्तरिय भौतिक पूर्वाधार शान्तिनगर गाउँपालिकाको वकासको मूल** आधार भन्ने मूल **मन्त्रलाई ध्यानमा राखी** निम्नानूसारको नीति लिईनेछ ।

### १.सडक र सिचाईः

- कृषि सडकहरूको स्तरोन्नति र विस्तार गर्नुका साथै गा.पा भित्रका कृषि तथा पशुपालन क्षेत्रहरूलाई गाउपालिकाको मूल बजारमा जोड्नका लागि आवश्यक कृषि सडक सञ्जाल निर्माण तथा सुधारमा ध्यान दिइनेछ ।
- गाउँपालिका स्तरीय सडकहरुको क्षेत्रआधिकार निर्धारण गरी सडक विस्तार गर्ने कार्यलाई निरन्तरता दिई अतिक्रमण गर्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ ।

- प्रत्येक वडाका केन्द्रलाई टोल र गाउँहरूसँग जोडने सडकहरूको विस्तार र स्तरोन्नति गरिने छ ।
- गाउँपालिका भित्रका खेतीयोग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिञ्चाईको व्यवस्था गरी कृषि उत्पादन बढाइने छ ।
- गाउँपालिकाको उपयुक्त स्थानमा प्रदेश सरकार सँगको सहयोगमा प्रत्येक वडामा एक/एक वटा कालोपत्रे सडक निर्माणलाई निरन्तरता दिइनेछ ।

## २. खानेपानी, ऊर्जा र वैकल्पिक ऊर्जा :

- शान्तिनगर गाउँपालिका भित्रका ग्रामीण बस्तीमा शुद्ध पिउने पानीको व्यवस्था गर्न सरकारी तथा गैर सरकारी संस्था सँग समन्वय गरी थप कार्यक्रम संचालन गरिने छ ।
- यस गाउँपालिकाको वडा नं १,२ र ३ को दुर्गम बस्तीतिर अझै पनि विजुली बत्तिको सुविधा नपुगेकोले विद्युत प्राधिकरण कार्यालयसंग समन्वय गरी उक्त क्षेत्रमा विद्युतिकरण गर्ने नीति लिइनेछ ।
- **एक घर,एक धारा-शान्तिनगरको अभिभारा** नीति अन्तर्गत वास योजनाले तय गरे अनुसार खानेपानी नपुगेका सबै घरधुरिमा आधारभुत स्तरको खानेपानी सेवा पुऱ्याउने गरी कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी लाईन विस्तार गर्न खानेपानी संस्थान सँग समन्वय गरिने छ ।
- विभिन्न पहाडी क्षेत्रमा वैकल्पिक उर्जाको व्यवस्था गर्दै जनजिवनलाई सहज बनाइनेछ ।
- एक वडा एक जलाशय निर्माणको कार्यक्रमलाइ निरन्तरता दिई थप स्थानहरुमा पनि संभावनाको आधारमा सिचाई ड्यामहरु निर्माणका कार्यक्रम ल्याइनेछन ।

## ३. घरजग्गा धनी पुर्जा,नापी,भू-उपयोग तथा बस्ति विकासः

- घरजग्गालाई व्यवस्थित गरी राजश्वको स्रोतका रुपमा विकास गरी रेकड राख्न मालपोत कार्डको लागु गरिनेछ ।

- सुरक्षित बस्ति विकासको लागि श्रावन १ गते देखि भवन मापदण्ड लागु गरी व्यवस्थित भवन निर्माणको थालनी गरिनेछ । यसबाट आन्तरिक राजश्वमा बृद्धि हुनुको सार्थ जताभावी अव्यवस्थित बस्ति निर्माणमा पनि कमी आउनेछ ।
- अव्यवस्थित बसोवासी तथा अव्यवस्थित भूमिहीन सुकम्वासीहरुलाई भूमि आयोगको सहयोगमा संचालित कार्यक्रमलाई निरन्तरता दिई व्यवस्थित बनाउने नीति लिइनेछ ।

## ४. सार्वजनिक निजी साझेदारीः-

- सार्वजनिक निजि साझेदारीलाई प्रोत्साहन गरी गर्ने नीति लिइनेछ । कृषी तथा पशु सेवातर्फ लागत सहभागितामा कार्यक्रम
- संघ ,प्रदेश सरकार तथा अन्य संघ संस्थाको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचान गर्ने नीति लिइनेछ ।
- पालिकासँग गरिने साझेदारी कार्यक्रमलाई प्रभाबकारी रुपमा प्राथमिकता दिइनेछ ।

## (ख).<u>कृषि तथा पशुपालन तर्फ :</u>

- ➢ कृषिजन्य वस्तुको उत्पादकत् बृद्धि गर्दै कृषिमा व्यवशायिकरणका माध्यमबाट स्वरोजगार सृजना गरिनेछ।
- ➢ न्यून आय भएका कृषकहरुलाइ कृषिबाट जिविकोपार्जन तथा पारिवारिक पोषणमा सुधार गरिनेछ ।
- ➢ कृषिजन्य पदार्थको मुल्यश्रृंखलामा आधारीत विविधिकरण बजारीकरणबाट गुणस्तरीय कृषिजन्य पदार्थको मुल्य अभिबृद्धि गरिनेछ।
- ➢ कृषिको विविधिकरण र बजारीकरणबाट गरिवी न्यूनिकरण गरी वेरोजगारी घटाउन सहयोग पुर्याइनेछ।

- अर्गानिकवाली/वस्तुकोउत्पादन बृद्धि गर्न रासायनिक घातक/विषादिको प्रयोगमा कमी ल्याउन जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पर्यावरण अनुकूल हुने किसिमका र उत्पादन एवं वजार सम्भाव्यताको आधारमा वाली वस्तु छनौट गरिनेछ र त्यस्ता कृषि व्यवसायीलाई प्रोत्साहित गरिनेछ।।
- रैथाने प्रजातिका कृषिवालीको उचित संरक्षण र सम्वर्द्धन गरिनेछ।
- युवा महिला दलित र सिमान्तकृतवर्गका कृषकलाई आकर्षण गर्न कृषिजन्यवस्तु उत्पादन लागतकम गर्ने,यान्त्रिकरण, सानासिचाई, प्लाष्टिक पोखरी निर्माण, ढुवानी, प्याकेजिङ, ग्रेडिङ आदिमा अनुदान दिईनेछ।
- उत्पादित बाली वस्तुको संकलन, भण्डारण र प्रशोधन प्रक्रियामा सुधारल्याई बजारीकरणमा जोडदिइ समग्र मूल्यश्रृंखलाकोअभिवृद्धि गरिनेछ।
- सहकारी संस्थाहरुलाई क्षमता अभिवृद्धि लगायतका बिषयमा तालिम प्रदानगरी कृषिपेशाबाट रोजगारीअभिवृद्धिको माध्यमका रुपमा विकास गरिनेछ।
- कृषकहरुको परम्परागत ज्ञान तथा सीपलाइ कदर गर्दै कृषि पेशालाइ मर्यादित तथा सम्मानजनक पेशामा रुपान्तरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- कृषिको व्यसायीकरण गर्दा भौगोलिक, जातीय, वर्गिय, तथा लैंगिक समावेसीकरणा नीतीको अवलम्वन गरिनेछ ।
- जग्गावाँझो राख्ने प्रबृत्तिलाई निरुत्साहित गर्न करारखेती, सामूहिक खेती प्रणालीमा जोड दिईनेछ।
- सिंचाई व्यवस्थाका लागि पानीका मुहानहरुको उचित संरक्षण एवम् आकाशे पानीको व्यवस्थापन तर्फजोड दिइनेछ।

- ➢ रैथानेवाली पशुको पहिचान, संरक्षण र सवंर्द्धनका लागि स्थान विशेषपकेट क्षेत्र निर्धारण गरी ती वालीवस्तुको वीउ उत्पादन संरक्षण, तथा वजारिकरण गरिनेछ।
- ➢ उच्च-मूल्यप्राप्तहुनेकृषिवालीबस्तुको क्षेत्र पहिचान गरी एक समूह/सहकारी, एक वाली वस्तुउत्पादनमा जोडदिईनेछ।
- ➢ खाद्य सुरक्षाको नाममा रैथाने बाली बस्तु उत्पादनलाई निरुत्साहित गर्ने किसिमका कार्यक्रम लाई निरुत्साहित गरिनेछ।
- ➢ कृषिमा आधारित उद्योग स्थापनामा निजि क्षेत्र एवं ठूला स्तरसक्षम सहकारीलाई सुविधा प्रदान गरिनेछ
- ➢ वडा न १ र ३ को माथिल्ले भेगलाई टिमुर पकेट क्षेत्र तोकी टिमुरको विकास र प्रशोधन गर्ने नीति लिइनेछ ।

- ❖ पशुस्वास्थ्य विकाशको लागी यस गाउँपालीकामा रहेका पशुपन्छीको ओसार पसार हुने,रोग प्रकोपको सम्भावना भएका मुख्य सडक तथा आसपासका क्षेत्रमा निःशूल्क रुपमा पी.पी.आर, भ्यागुते, चरचरे, खोरेत स्वाइनफिवर खोपको व्यवस्था गरिनेछ ।
- ❖ पशुपालनलाई उत्पादनमुखी बनाउन नश्लसुधार कार्यक्रम गाइभैसी, बाख्रामा सबै क्षेत्रमा सुरुवात गरिनेछ ।
- ❖ पशुपालनलाई व्यावसायिकरणमा प्रोत्साहन गर्न नेपाल सरकार/स्थानिय तहबाट दिने अनुदानमा स्थानीय तहमा उद्योगमा दर्ता भएकालाई प्राथमिकता दिइने छ ।
- ❖ पशु बिमा कार्यक्रमलाई अनिवार्य रुपमा लागु गर्न सबै पशुपन्छी फार्महरुलाई प्रेरीत गरिनेछ ।
- ❖ सामुदायिक वन, सार्वजनिक जग्गा, सडक दाँयाबाँया पोषण युक्त डालेघाँस, बर्षे, बहुबर्षिय भुईघाँस तथा हेजेरो बिकास गरिनेछ ।

- ❖ पशुसेवा प्रसारलाई कृषक माभ्फ प्रभावकारी रुपमा अगाडी वढाउन नियमित पशुपँछी पालन तालीम, मत्स्य विकास तालिम प्रत्येक वडामा सचालन गरिनेछ ।
- ❖ सवै ग्रामिण स्तरका कृषकहरुलाई पशुस्वास्थ्यको पहुँचमा पुचाउन सवै वडामा निःशुल्क पशुसेवा शिवीर सँचालन गरिनेछ ।
- ❖ जुनोसीस रोगबारे स्कुल शिक्षा कार्यक्रमलाई शिक्षा शाखाको समन्वयमा सवै स्कुलहरुमा सचालन गरिनेछ ।
- ❖ नस्ल सुधारको कामलाई सबै ठाउमा प्रभावकारी रुपमा संचालन गरिनेछ ।

## (ग). स्वास्थ्यतर्फ :

- ➢ कोभिड १९ को तथा अन्य संभावित महामारी रोगको रोकथाम र ब्यबस्थापनको लागि महामारी लक्षित कार्यक्रम सन्चालन गरिनेछ । जसको लागि प्रत्येक स्वास्थ्य चौकिहरुमा संकास्पद बिरामीको प्रयोगशाला परिक्षण र आईसोलेशन कक्षको ब्यबस्थापन गरिनेछ ।
- ➢ धनौरी स्वास्थ्यचौकीलाई कोरोना माहामारी विरुद्ध जुध्न अभ्फ व्यवस्थित गरिनेछ । शान्तिनगरको वडा नं २ बाघमारेमा बन्दै गरेको १५ शैयाको अस्पतालको कामलाई नजिकबाट हेरी गुणस्तरीय र शिघ्र निर्माणमा जोड दिइनेछ ।
- ➢ कोभिड १९ को महामारी तथा घरेलु हिंसाबाट प्रभाबित भई मानसिक समस्यामा परेका मानिसहरुको लागि पालिका स्तरिय मनोबिमर्श सेवा सन्चालन गरिनेछ ।
- ➢ विद्यालयमा स्वास्थ्य सेवा अर्न्तगत विद्यार्थीको नियमित स्वास्थ्य जाँच गरी किशोर किशोरीहरुलाई उचित परामर्शको ब्यवस्था गरिने छ ।
- ➢ उज्यालो शान्तिनगर गाउपालिका अभियान सन्चालन गरिनेछ जसको लागि गाउपालिकामा रहेका सबै मोतिबिन्दुका बिरामीहरुको पहिचान गरि निशुल्क सल्यक्रियाको ब्यबस्था गरिनेछ ।
- ➢ थारु समुदायमा देखिने सिकलसेल एनेमियाका विरामीहरुको उपचारको प्रवन्ध र यस सम्वन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

- शान्तिनगर गाउपालिकाको पोषण सुधारका लागि १००० दिन भित्रका बच्चाहरु, आमाहरु र ५ बर्ष मुनिका बालबालिाहरुको लागि पौष्टिक तत्व बितरण तथा पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गर्भवति तथा सुत्केरीहरुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ जस अर्न्तगत नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गर्भवति जाँच गर्ने महिलाहरुलाई पहिलो, दोस्रो, तेस्रो र चौथा भेटमा क्रमस क्यालसिएम, आयोडिन नुन, खाने तेल र अण्डा बितरण गरिने छ भने स्वास्थ्य संस्थामा सुत्केरीहुने महिलाहरुलाई दशमुलारिष्ट बितरण गरिनेछ ।
- स्वास्थ्य संस्थाको पहुचमा आधारभुत स्वास्थ्य सेवाका लागि प्रत्यक वडाको आफ्नै भवनमा दरबन्दि सहितको सेवा सन्चालन गरिनेछ । गा.पा. स्तरमा चिकित्सक सहितको उपचारात्मक सेवा सन्चालनलाईको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुच र गुणस्तर सुधारका लागि बिशेषज्ञ सहितको घुम्ति सेवा सन्चालन गरिनेछ ।
- बिरामीहरुको उपचारात्मक सेवालाई प्रभाबकारी बनाई स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि पालिकाका ३ वटै स्वस्थ्य चौकिहरुमा संचालनमा रहेको ल्या.ब. सहितको सेवालाइ गुणस्तरीय बनाउदै लगिनेछ ।
- यस गाउपालिकामा मातृ मृत्यु र नबजात शिशु मृत्यु दरलाई कम गर्न सुत्केरीका लागी यस गाउ पालिका भरी निशुल्क एम्बुलेन्स सेवा तथा ६५ बर्ष माथिका जेष्ठ नागरिकहरुका लागि एम्बुलेन्स सेवामा २० प्रतिशत छुट दिईने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पुर्ण संस्थागत सुत्केरीयुक्त गाउपालिकाको लागी ANC सेवामा आउने सबै गर्भवति महिलाहरु लाई PNC सेवा सम्म सेवामा ल्याउनका लागी Tracing प्रणालिलाई निरन्तरता दिईनेछ ।
- सत प्रतिशत खोप सेवा सुनिश्चितताको प्रमाणिकरण गर्ने र छुट बच्चाहरुको खोजिका लागी Tracing प्रणालिलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुको घरैमा गई नर्सिङ कर्मचारीहरुद्वारा PNC सेवा प्रदान गर्ने कार्यक्रम सन्चालन गरिनेछ र ८० बर्ष माथिका जेष्ठ नागरिकहरुको लागी उनिहरुको घरमै गएर स्वास्थ्यकर्मिहरुद्धारा उपचार सेवा प्रदान गर्ने कार्यक्रम सन्चालन गरिनेछ ।

- बिध्यालयमा पुर्ण महिनावारी स्वाच्छता कार्यक्रम सन्चालन गरिनेछ ।
- गाउपालिकामा रहेका सबै स्वास्थ्य चौकिहरुमा स्वास्थ्य सुचना तथा सन्चार केन्द्र स्थापना गरिनेछ ।
- स्वास्थ्यकर्मिहरु र महिला स्वास्थ्य स्वयम सेबिकाहरुको लागि क्षमता बिकास कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- ६० बर्ष माथिका नागरिकहरुलाई बिशेष रोगहरु जस्तै मधुमेह र रक्तचापका औषधिहरु निःशुल्क बितरण गरिनेछ ।
- एच.आई.भि संक्रमितहरुको लागि पोषण कार्यक्रम तथा ए.आर.टि सेवामा भर्ना भएको संक्रमितहरुलाई बार्षिक यातायात खर्च प्रति ब्यक्ति रु ५०००।०० का दरले ब्यबस्थापन गरिनेछ ।
- नागरिकहरु स्वस्थ राख्न विद्यालय तहदेखि स्वास्थ्यमा विशेष ख्याल राख्नुपर्ने हुन्छ । यसको लागि एक विद्यालय एक स्वास्थ्यकर्मीको व्यवस्थाको लागि पहल गर्ने नीति लिइनेछ ।

## (घ). शिक्षातर्फः

- सुचना प्रबिधीको पँहुच बृद्दि गरी गुणस्तरिय शिक्षा प्रदान गर्न हरेक बिद्यालयलाई प्रबिधिमैत्री बिद्यालय हब को रुपमा बिकास गरिनेछ। सो कार्यको लागी कम्प्युटर, पिरिन्टर्श, इन्टरनेट तथा अन्य आवश्यक ICT सामग्री व्यवस्थापन गरिनेछ।
- बिद्यालयको लेखाप्रणालीलाई पारदर्शी, स्रेस्तामा आधारित, आर्थिक स्थीति स्पष्ट देखिने, मितव्ययी, सरलिकृत र एकरुपता देखिने किसिमको बनाउन हरेक लेखा हेर्ने कर्मचारी र प्रधानाध्यापकलाई लेखा सम्बन्धीको तालिम प्रदान गरिनेछ।
- बिद्यालय शिक्षाको जग पुर्वप्राथमिक तहमा अध्ययन गर्ने सबै बालबालिकाको सर्बाङ्गिण बिकासको लागी बाल कक्षाकोठा व्यवस्थापन गरिनेछ जस अन्तर्गत सबै बालबिकास कक्षामा प्रबिधीमुलक सिकाई सहजिकरणको लागी LED TV तथा अन्य आवश्यक शैक्षणिक सामग्री उपलब्ध गराइनेछ।

- गाउँपालिकालाई शैक्षिक बिकासको उच्च स्थानमा लैजान तथा उच्च शिक्षा गाउँपालिकामै अध्ययन गराउने हेतुले सबै प्रकारको शिक्षालाई सरल, सहज र पँहुचयोग्य बनाउन गाउँपालिकास्तरिय नमुना बिद्यालयको अबधारणा कार्यान्वयनमा ल्याइनेछ। सो को लागी हाल कायम रहेको नमुना बिद्यालय भन्दा फरक माद्यामिक बिद्यालयहरु मध्यबाट निश्चित मापदण्डको आधारमा छनौट गरी एउटा बिद्यालयलाई पालिकास्तरिय नमुना बिद्यालयको रुपमा बिकास गरिनेछ।
- बिधार्थीको स्वास्थ्यलाई मध्यनजर गरी स्वच्छ खानेपानिको अभाव हुन नदिन सबै बिद्यालयमा स्वच्छ खानेपानीको व्यबस्थापनमा बिशेष ध्यान दिइनेछ ।
- हाल कोरोना महामारीको प्रत्यक्ष प्रभाव स्वरूप शिक्षक बिधार्थी आमने सामुन्ने भएर कक्षा कोठामा हुने सिकाईलाई निरन्तरता दिन कठिनाई भएको परिस्थीति लाई मध्यनजर गरी प्रबिधीमैत्री सिकाईमा जोड दिईनेछ साथै सो को लागी शिक्षकलाई प्रबिधीमुलक सिप संग सम्बन्धित तालिम प्रदान गरिनेछ।
- प्रबिधीमैत्री सिकाई संभब नहुने बिद्यालयको सिकाईलाइ निरन्तरता दिन अभिभाबकको सहयोगमा सिकाइ क्रियाकलाप सञ्चालन गर्न मुद्रण प्रकृतिका बैकल्पिक सामग्रीको बिकास तथा छपाई गरी हरेक बालबालिकालाइ उपलब्ध गराइनेछ।
- बिद्यालय शिक्षाको डिजिटल डाटाबेश तयारी साथै शैक्षिक बुलेटिन, शैक्षिक कार्यपात्रो, शैक्षिक प्रोफाइल निर्माण गरी शैक्षिक सुचना आदान प्रदानमा सहजिकरण गरिनेछ। बिद्यालयको शैक्षिक सुचना प्रणालिलाई व्यबस्थीत गराउन हरेक बिद्यालयका IEMIS Focal Person लाई IEMIS सुदृढिकरण सम्बन्धि क्षमता बिकास तालिम सञ्चालन गरी IEMIS सफ्टवयरलाई अझ बढि प्रभावकारी गराईनेछ।
- सामुदायिक बिद्यालयको शैक्षिक गुँणस्तर सुधार गर्न तथा हरेक ब्यक्तिलाई सामुदायिक बिद्यालय प्रति अपनत्व कायम गराउन सबै सामुदायिक बिद्यालयमा आमा समुह, बालक्लव र पुर्ब बिधार्थी समाज गठन गर्ने कार्यक्रम चलाईनेछ

सो को लागी वडा शिक्षा समिति, शिक्षक अभिभावक संघ तथा बिद्यालय व्यवस्थापन समितिलाई सक्रिय गराईनेछ।

- शिक्षामा हरेक बालबालिकाको सहज पँहुच बृद्दी गर्न तथा सबै बालबालिकालाई शैक्षिक अबसर प्रदान गर्न जेहेन्दार, अपाङ्ग, दलित ,जनजाती तथा अति बिपन्न बालबालिकालाई छात्रबृत्ती प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ। बिद्यालयमा पढ्न पाउने हरेक बालबालिकाको अधिकारलाई सुनिश्चित गर्न बालमैत्री शिक्षाको अबधारणालाई कार्यान्वयन गरिनेछ।
- सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर उकास्न तथा सार्बजनिक शिक्षालाई व्यवस्थीत गराउन सामुदायिक बिद्यालयमा कक्षा १० मा अध्ययनरत बालबालिकालाई आवासिय सुबिधा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक शत्रको अन्त्यमा हुने बार्षिक परिक्षालाई मर्यादित र व्यवस्थीत गराउन कक्षा ४ देखि ९ कक्षा सम्मको बार्षिक परिक्षालाई गाउँपालिकाबाट मोनेटेरिङ गरि सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। बार्षिक परिक्षालाई मर्यादित, व्यवस्थित, बस्तुनिष्ट, बिश्वसनिय र प्रतिस्पर्धि बनाउन सबै सरोकारवालाहरुलाई सुचित गराईनेछ। ईमान्दारिता र जबाफदेहिता लाई कार्यसम्पादन मुल्याङ्कनको आधारस्तम्भको रुपमा अगाडि बढाईनेछ ।
- शैक्षिक अनुसन्धान मार्फत सार्बजनिक शिक्षाको गुणस्तर बृद्दि गर्ने कार्यलाई प्राथमिकता दिई हरेक शिक्षकलाई अनुसन्धनात्मक प्रकृतिको शिक्षण बिधी अवलम्बन गरी शिक्षण गर्न पेसागत बिकास संग सम्बन्धीत शैक्षिक सहयोग कार्यक्रमलाई अगाडि बढाइनेछ।साथै सो को लागी उत्कृष्ट सिकाई उपलब्धी हाँसिल गर्ने तथा उत्कृष्ट कार्यसम्पादन गर्ने बिद्यालय तथा शिक्षकलाइ कार्यक्षमतामा आधारित प्रोत्साहन कार्यक्रम मार्फत पुरस्कृत गरी गुणस्तरिय शिक्षा अभिबृद्दि गर्न उत्प्रेरित गरिनेछ।
- बिद्यालय शिक्षाको पाठ्यक्रममा आधारित रहेर सबै शैक्षिक सरोकारवालाहरुको उपस्थीतिमा स्थानिय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गरिनेछ साथै सम्बद्द

शैक्षिक सरोकारवालाहरु संग समन्वय गरी पञ्चबर्षिय बृहत शिक्षा बिकास योजना निर्माण गरिनेछ।

- प्राबिधिक शिक्षाको गुणस्तर अभिबृद्दि गरि प्राबिधिक शिक्षालाई सर्बसुलभ र पहुँच योग्य बनाउन बिभिन्न रणनितिहरू तय गरी कार्यक्रम सञ्चालन गरिनेछ। यस गाउँपालिका भित्र प्राबिधिक बिषय अध्ययन गरेका बिधार्थीलाई यहि गाउँपालिकामै रोजगारीको अबसरमा प्राथमिकता दिइनेछ, साथै गाउपालिका भित्र दक्ष प्राबिधिक जनशक्ती उत्पादनको लागी सिभिल इञ्जिनियरिङ बिषयको पढाइलाई अगाडी बढाउन संभाब्यता अध्ययन गरिनेछ।
- यस शान्तिनगर गाउँपालिका भित्र रहेका सामुदायिक बिद्यालयमा दरबन्दी अभाव भई शिक्षणमा पर्ने समस्यालाई निराकरण गर्न निश्चित मापदण्डका आधारमा पालिकास्तरिय स्वयंसेवक अनुदान शिक्षक व्यवस्थापन गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ सो को लागी थप बजेट व्यवस्थापन गरिनेछ।
- प्रारम्भिक बाल शिक्षक तथा बिद्यालय कर्मचारीको हाल कायम रहेको तलवमान स्थानिय तहको आफ्नै स्रोतवाट बिनियोजन गरी बृद्दि गर्ने भन्ने नेपाल सरकारको नीति भएको सन्दर्भमा स्थानीय श्रोत साधन, क्षमता तथा अन्य तहको पारिश्रमिक लगायतका विषयलाई विचार गरी निश्चित मापदण्ड सहित थप तलबको व्यवस्थापन भने नीजिश्रोत शिक्षक अनुदानबाट पारिश्रमिक पाउने शिक्षक शिक्षिकाहरुको हकमा पनि सामान्य हेरफेर गर्ने नीति लिइनेछ । साथै प्रारम्भीक बाल शिक्षामा अध्ययनरत सबै बालबालिकाको सर्बाङगीण बिकासको निम्ति सबै सहजकर्तालाई तालिम प्रदान गरी सिकाइ लाई अझ व्यवस्थित तथा प्रभाबकारी गराइनेछ।
- सबै प्रकारका शिक्षक दरबन्दि मिलान गर्ने तथा बिद्यालय समायोजन गर्ने नितिलाई थप व्यबस्थित तवरले अगाडी बढाइनेछ। पालिकास्तरिय स्वयंसेबक अनुदान शिक्षक कोटालाई समेत निश्चित मापदण्डको आधारमा मिलान तथा बितरण गरिनेछ।

- सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर सुधार तथा वजेट कार्यान्वयनलाई व्यवस्थित गराउन बिद्यालय र अन्य संघ सस्थाबिच म्याचिङ फण्डमा आधारित शैक्षिक बिकासका कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- हाल पहिलो चरणमा माद्यामिक तहमा अध्यापनरत गणित, अङ्ग्रेजी, बिज्ञान शिक्षकलाई प्रबिधिको बिकास संग जोडि शिक्षण सिकाइ क्रियाकलापलाइ थप स्तरिकृत गराउन स्वयं शिक्षक तथा बिद्यालयको ३०% लागत पर्ने गरी गाउँपालिकावाट ७०% अनुदानमा ल्यापटप सुबिधा प्रदान गरिनेछ।
- बालबालिकाको शैक्षिक बिकासमा टेवा पुर्याउने उद्देश्यले बिधार्थिमा रहेको अन्तर्निहित प्रतिभा पहिचान तथा प्रष्फुटन कार्यक्रम सञ्चालन गरिनेछ जसअन्तर्गत पालिकास्तरिय शैक्षिक मेला प्रदर्शनी तथा अन्य अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। शिक्षकको कक्षा शिक्षणमा उल्लेखनिय सुधार ल्याउन शैक्षिक सामग्री निर्माण कार्यशाला आयोजना गरी शिक्षक स्वयंलाई क्षमतावान गराई सिकाई सुदृढिकरण गरिनेछ ।
- नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानका बिबिध कार्यक्रमहरुलाई सम्पुर्ण बिदयालयको पहुँचमा पुर्याई नतिजामा आधारित अनुगमन र मुल्याङ्कनको माध्यमबाट अझ व्यवस्थित गराईनेछ ।
- संस्थागत बिद्यालयहरुले गाउँपालिकाको निति नियममा आधारित रहेर सहुलियत पुर्ण बा न्युन शुल्कमा शैक्षिक स्तर बृद्धि गर्न प्रेरित हुनुपर्ने रणनिति लाई प्रोत्साहित गराईनेछ ।

## (ङ).<u>योजना, अनुगमन तथा दिगो व्यवस्थापनतर्फ</u>ः

- टोल बिकास संस्थाको गठन तथा दर्ता :

  स्थानीय स्तरमा उपलब्ध हुने श्रम, सीप, स्रोत, साधन र अवसरहरुलाई अधिकतम रुपमा परिचालन गर्न सामाजिक र आर्थिक विकास तथा स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न यस गा.पा भित्रका विभिन्न टोल ,वस्तीहरुमा टोल विकास संस्था गठन तथा दर्ता गरी स्थानीय वडा समितिको मातहतमा रहने

तथा सहयोगिको भुमिका निभाउने गरी टोल विकास संस्था गठन गर्ने प्रक्रिया सुरु गरिनेछ ।

- योजना संचालन गर्दा उपभोक्ता समिति,टोल विकास संस्थाका पदाधिकारीलाई आयोजना तथा कार्यक्रमको उपभोक्ता समिति गठन,योजना सन्झौता,भुक्तानी प्रकृया,लेखा व्यवस्थापन, योजनाको रेखदेख,मर्मत सम्भारको बारेमा जानकारी दिनको लागि पालिकाबाट तालिम तथा अभिमुखीकरणको व्यवस्था मिलाईने छ ।
  - गाउँसभाबाट स्वीकृत भई रातो किताबमा प्रकासित भएका आयोजना तथा कार्यक्रमहरुलाई संचालन गर्दा गर्दै हुने रकमान्तर र शिर्षकान्तर गर्ने परम्परालाई न्यून गर्दै लगिनेछ ।
  - स्थानीय तह योजना तर्जुमा दिग्दर्शन२०७४(परिमार्जित २०७५) अनुसार योजनाको उपभोक्ता समिति गठन,सम्झौता,योजना जाचपास,फरफारक र भुक्तानी जेष्ठ मसान्त सम्मलाई अन्तिम समय तोकि कार्य गरिनेछ ।
  - आयोजना छनौट गर्दा टुक्रे तथा स-साना योजनालाई निरुत्सायीत गरि ठुला तथा दीर्घकालिन योजनालाई छनौटमा प्राथमिकता दिईनेछ ।
  - उपभोक्ता समितिले आयोजना संचालन गर्दा अनिवार्य रुपमा विकास निर्माण दिगोपना,पारदर्शिता कायम गर्ने व्यवस्था मिलाइनेछ।
  - योजनाको दिगोपना कायम गर्न र आँफुले गरेको काम प्रति उत्तरदायी बनाउन उपभोक्ता समितिबाट धरौटी काट्ने व्यवस्था गरिनेछ।
  - गाउँपालिकामा पालिका स्तरीय गौरवका योजना र हरेक वडाहरुमा स्तरमा पनि प्रतिफल दिने,गरीवी निवारण हुने खालका योजनाहरु छनौट गरि संचालन गरिनेछ ।
  - नेपाल सरकार,प्रदेश सरकार तथा अन्य संघ,संस्थाबाट प्राप्त योजनालाई निर्धारित समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।

## (च) सामाजिक सुरक्षा तथा पंजिकरण तर्फः

- सामाजिक सुरक्षा तथा पंजिकरण प्रणालीलाई अनलाइन प्रणालिमा व्यवस्थित गरिनेछ । सबै वडाका सचिवहरुलाई यस सम्बन्धि अभिमुखिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- शान्तिनगर गा.पाको अनलाइन प्रणालीमा आधारित घटना दर्ता तथा सामाजिक भत्ता वितरण कार्यलाई प्रविधिमैत्री बनाउदै लगिनेछ । पुराना पंजिकरण अभिलेखलाई डिजिटलाइज गरि अध्यावधिक गरिनेछ ।
- **MIS** प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता प्रणाली व्यवस्थित गरी पुराना अभिलेखलाई राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको निर्देशन अनुसार डिजिटलाइजेशन तथा व्यवस्थित गरिनेछ ।
- सामाजिक सुरक्षा वितरण प्रक्रियालाई सरल र सहज बनाउन पहल गर्ने नीति लिइनेछ ।

## (छ).आन्तरिक आय तथा राजश्व परिचालनतर्फः

- गा.पाको आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, कर प्रशासनको क्षमता अभिवृदि, करका दायरा विस्तारमा जोड तथा राजश्व चुडावटलाई नियन्त्रण गरिनेछ ।
- गाउँपालिकाले असुल गर्नुपर्ने कर राजश्वलाई प्रभावकारी र पारदर्शी बनाउन सबै वडा कार्यालयहरुमा जडान गरीएको सफ्ट वयर(soft ware system)प्रणाली लाई व्यवस्थित गरी गाउँपालिकाको राजश्व शाखाबाट दैनिक अनुगमन र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाईने छ ।

- यस गा.पाबाट असुल गरिने विभिन्न कर तथा शूल्कहरुलाई गा.पाबाट प्रवाह गरिने सेवासंग एकिकृत तथा आवद्ध गर्ने व्यवस्था गरिनेछ ।
- कृषि व्यवसाय तथा कृषिसंग सहकार्य गर्ने व्यक्ति,समुह तथा सहकारी समुहहरुको प्रर्वदनका लागि व्यक्ति, समुह र सहकारी सस्थाहरुको नविकरण शुल्कमा (५०%) छुट दिने व्यवस्था मिलाइनेछ ।
- प्रस्ताविक करहरु संकलनको लागि पारद्रशिता र प्रभावकारिता अपनाउन आवश्यक पर्ने कार्यविधि तथा पुरानो निर्देशिकालाई संशोधन गरि व्यावहारिक बनाइनेछ।
- विभिन्न व्यवसायी तथा करदाताहरुलाई कर तिर्न बानी बसाउनके लागि राजश्व सकलन अभियान कार्यक्रम संचालन गरिनेछ ।
- यही श्रावन देखी घर नक्सापास गर्ने कार्यलाई अनिवार्य गरिनेछ । घर नक्सापास नगरेकोलाई गा.पाबाट उपलब्ध गराईने सेवा सुविधामा रोक्का गर्ने व्यवस्था गरीनेछ ।
- ढुङ्गा,गिट्टी,वालुवा, माटो,ग्राभेल आदि उत्खनन तथा निकासीका लागि क्षेत्र विस्तार गर्न आइ ई ई (I.E.E)का लागि थपक्षेत्र पहिचान र म्याद सिद्धिन लागेका क्षेत्रको समेत गरि आवश्यकता अनुसार नदि,पहाड,जंगल सबै क्षेत्रमा आइई गरिनेछ ।
- यस गा.पाभित्र विभिन्न नदिहरुबाट अवैध रुपमा हुने उत्खनन तथा ढुवानिलाई रोक्न र वातावरणलाई स्वच्छ बनाउन अनुगमन तथा नियन्त्रण गर्ने कार्यलाई प्रबावकारि बनाइनेछ ।
- विश्वमहामारिको रुपमा रहेको कोभिड-१९ले पारेको प्रबावले बेरोजगार,आर्थिक मन्दि हुने भएकोले कृषिक्षेत्र तथा रोजगारी कार्यमा विकास गर्न कर छुटको सुविधालाई लागु गरिनेछ ।

- खोलाहरुमा आई.ई.ई.गर्दा समन्वयात्मक पाटोलाई प्रभावकारी बनाउने नीति लिइनेछ ।

## (ज). खानेपानी, सरसफाई तथा वातावरण तर्फः

- ❖ वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई स्थानीयकरण गर्न समन्वयात्मक अभियान संचालन गरीनेछ । साथै विकास निर्माणका योजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई आवश्यक भएमा त्यसलाई निरन्तरता दिईनेछ ।
- ❖ वातावरण संरक्षण तथा संवर्द्धनमा जोड दिदै वातावरण मैत्री योजना संचालन गरीने नीति लिइने छ ।
- ❖ सामुदायिक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार वनाउदै वन तथा वातारण संरक्षण र सम्वर्द्धनमा जोड दिइने छ ।
- ❖ यस गा.पा भित्रका राष्ट्रिय बन र सामुदायिक बनको अभिलेख तयार गरी संरक्षण र सम्बर्द्धको योजना बनाई लागु गरिनेछ ।
- ❖ ग्रामीण जलाधरक्षेत्र संरक्षण कार्यक्रम लागु गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्रभित्र सिँचाई समेतलाई सहयोग पुग्नेगरी हार्भेस्टीङ ड्याम निर्माण गरीनेछ ।

## (झ).संस्थागत सुशासन तथा सेवा प्रवाहतर्फः

- ❖ सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीहरुको उत्प्रेरणा बढाई मनोवन उच्च राख्न आवश्यक हुन्छ, त्यस कुरालाई गाउँपालिकाले ध्यानमा राख्दै कर्मचारीहरुको पारिश्रमिकमा केही हेरफेर गर्ने नीति लिइनेछ ।
- ❖ गाउँपालिकाको सेवालाई चुस्त ,दुरुस्त, पारदर्सि ,जवाफदेहि तथा उत्तरदायि संस्थागत क्षमता विकासमा ध्यान दिइनेछ ।
- ❖ पदाधिकारी/कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

- ❖ सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई तथा अनुगमन र मुल्याङकनलाई प्रभावकारी वनाइने नीति लिइने छ।
- ❖ सुचना प्रविधिको प्रयोगमा जोड दिइने छ।

## (ञ).विपद् जोखिम न्यूनीकरणतर्फः

- ❖ बिपद व्यवस्थापनकार्यका लागि आवश्यक नीति,कानून,मापदण्ड तयार पारि कार्यन्वयन गरिने छ ।
- ❖ बिपद पूर्ब तयारी तथा उद्धार,राहात सामाग्रीको पूर्ब भण्डारण,बितरण र समन्वयलाई प्रभावकारी बनाइने छ ।
- ❖ बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापनमा सार्वजनिक,नीजि,गैरसरकारी,सहकारी संघसंस्थाहरु र समुदाय बीच साझेदारी र सहकार्य प्रवद्धन गरिनेछ ।
- ❖ शान्तिनगर गाउंपालिकामा विपद् व्यवस्थापनका लागि स्थायी कोष निर्माण गरी सञ्चालनमा ल्याइनेछ। गाउंपालिकाभित्र हरेक संरचना निर्माण गर्दा विपद्, जोखिम न्युनीकरणलाई विशेष ध्यान दिइनेछ।
- ❖ प्राकृतिक प्रकोपको कारण कुनै बस्ति जोखिम परी बस्तियोग्य नभएको खण्डमा उपयुक्त स्थानमा एकिकृत बस्ति विकास देखि अन्य आवश्यक राहातको व्यवस्था गर्ने नीति लिइनेछ।

## (ट).महिला,बालबालिका तथा जेष्ठ नागरिकतर्फः

- ➢ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा,सामाजिक विभेद,शेषण,कुरीति,अन्धविश्वास हटाउन र न्युनिकरणका लागि गैर

सरकारी क्षेत्र समेतको सहभागितामा जागरण र सचेतना अभियान संचालन गरिनेछ ।

- जेष्ठ नागरिक र अपांगता भएकाहरुका व्यक्तिहरुको कानूनी प्रदत्त अधिकार र सेवासुविधा प्रदान गराउन सहजिकरण गरिनेछ ।
- समाजको आर्थिक,सामाजिक तथा सांस्कृतिक सशक्तिकरण र नेतृत्व विकासको लागि कानुनी सचेतना,रोजगारी सिर्जना,उद्यमशिलता प्रवर्धन लगातका कार्यक्रम संचालन गरिनेछ ।
- ६० वर्ष पुगेका सबै ज्येष्ठ नागरिक र अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचय पत्र बितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- संघ, प्रदेश र अन्य संस्थासग समन्वय गरी महिलाममैत्री नीति लिइनेछ ।

## (ठ).युवा तथा खेलकुदतर्फः

- गाउँपालिका स्तरीय खेलकुद कार्यलाई थप व्यवस्थित गर्न ध्यान दिइनेछ ।
- शान्तिनगर गाउँपालिका भित्र खेलकुद विकासका निम्ति गा.पा स्तरीय अध्यक्ष कप रनिङ सिल्ड प्रतियोगीतालाई थप व्यवस्थित बनाउँदै निरन्तरता दिईनेछ ।
- विद्यालय स्तरको खेलकुदको विकासको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई संचालन गरिनेछ ।
- यूवाहरुलाई सदमार्ग गर्न,जीवन उपयोगी सीपहरु सिकाउन यूवा मार्गशन तथा यूवा जीवन उपयोगी ज्ञान जस्ता कार्यक्रम संचालन गरिनेछ ।

## (ड).विविध :

- एक स्थानीय तह एक औद्योगिकग्राम स्थापना गर्ने नेपाल सरकारको नीति बमोजिम यस गाउँपालिकामा पनि एक औद्योगिक ग्राम स्थापना गर्ने नीति लिइने छ ।

- कृषि, वन तथा जडिबुटीमा आधारित उद्योगहरुको विकासका लागि आवश्यक प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराईनेछ । आन्तरिक उत्पादनको मेला प्रदर्शनी आयोजना गरी उत्पादनको बजारीकरण गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- रोजगार गुमाएका व्यक्तिहरुलाई पुनःस्थापित गर्न उद्योग, कृषि तथा निर्माण क्षेत्रमा रोजगार अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।
  - ❖ होमस्टेको विकासमार्फत ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ । होमस्टे संचालनको लागि प्रोत्साहन गर्ने, होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकताको संरक्षणमा जोड दिइनेछ ।
  - ❖ रोजगारीका लागी विदेसिने प्रवृतिलाई निरुत्साहित गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत थप योजना तथा कार्यनीति बनाई लागु गरिनेछ ।
- होमस्टेलाई परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- गा.पाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक एवम् अन्य पर्यटकीय स्थलहरुको संरक्षण, संवर्द्धन र विकास गरिनेछ ।
- जैविक विविधताको संरक्षण र संवर्द्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ । अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि समुदायसँग सहकार्य गरिनेछ ।
- युवाहरुको सीप र प्राविधिक ज्ञानलाई गा.पा विकासमा लगाई युवा रोजगारीको लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सीपलाई प्रयोग गरि स्वरोजगार कार्यक्रम सञ्चाईलन गरिनेछ ।
- कोभिड-१९ लगायतका सरुवा रोग, किटजन्य रोग, पशुपंक्षीजन्य रोग एवम सिकल सेल एनेमिया, थालासेमिया जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरु तथा खुला सीमानाबाट भित्रिन सक्ने रोगहरुको रोकथाम, नियन्त्रण तथा

व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ । स्वास्थ्यजन्य फोहोर व्यवस्थापनको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

- यस गा.पाबाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमूखी वनाउनुका साथै विकास निर्माण कार्यमा वित्तीय अनुशासन तथा जवाफदेहिता कायम गर्न मितब्ययिता, कार्यकुशलता र कार्यसम्पादनस्तरलाई मानकका रुपमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।
- विभिन्न सेवा प्रवाहलाई सहज बनाउन श्रावन ,२०७८ देखि पशु सेवा तथा अन्य निर्माण प्राविधिकहरु वडाहरुमा खटाउने नीति लिइनेछ ।
- कार्यक्रमहरु समयमा सुरु गरी सम्पन्न गर्ने नीति लिइनेछ ।

अन्त्यमा, कोभिड-१९ महामारी विरुद्धको हाम्रो संघर्ष पूर्णत कहिले अन्त्य हुन्छ भन्ने कुरा अहिले नै एकिन गर्न कठिन छ । तर, हामी सबैको सामुहिक प्रयासवाट यसलाई छोटो समयमा नै नियन्त्रण गर्न सफल हुने विश्वास मैले लिएको छु । जीवन रहे सुख र खुसी पुनःस्थापित गर्न सकिन्छ । समृद्धिको यात्रालाई पुनः जोड्न र गतिशील बनाउन सकिन्छ । यतिवेला हामी सबैको ध्यान कोभिड-१९ का विरुद्धको संघर्षमा केन्द्रित छ । कोभिड-१९ महामारीका कारणले उत्पन्न हुनसक्ने खाद्य संकट आउन नदिन, रोजगारी गुमाउन पुगेकाहरुको जीविकोपार्जनको आधार तयार गर्न तथा रोग नियन्त्रणसंगै अर्थतन्त्रलाई गतिशील बनाउने उद्देश्यअनूरुप नै यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

यो नीति तथा कार्यक्रम " शान्तिनगर गाउपालिकाको दाहित्य,सुशासन र समृद्धिको स्थायित्व " भन्ने गा.पाको मूलमन्त्रलाई यथार्थमा परिणत गर्ने मार्गदर्शक दस्तावेज हो । शान्तिनगर गाउँपालिकाको एक्लो प्रयासबाट मात्रै अपेक्षित लक्ष्य हासिल गर्न संभव छैन । सरकारी, निजी, गैर सरकारी, सामुदायिक र सहकारी संघसंस्थाहरुको संयुक्त प्रयास, समन्वय, सहकार्य र स्वामित्वमा यस नीति तथा

कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयन हुने विश्वास व्यक्त गर्दै शान्तिनगरको विकास र समृद्धिको यात्रामा सबैको सहभागिताका लागि हार्दिक आव्हान गर्दछु ।

म सबैप्रति यस अवसरमा आभार तथा धन्यवाद दिन चाहन्छु ।

कमानसिङ डाँगी
अध्यक्ष
शान्तिनगर गाउँपालिका